# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, माघ २२ गते २०५४ साल (अतिरिक्ताङ्क ५६ (ख)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजका हजूरमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधि सभा विघटन गरिबक्सन र नयाँ प्रतिनिधि सभाको निर्वाचनको मिति तोकिबक्सन प्रधानमन्त्री सूर्यबहादुर थापाले २०५४ साल पुस २४ गते सिफारिश चढाउनु भएको र त्यसपछि सोही दिन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभाको अधिवेशन बोलाउन ६६ जना प्रतिनिधि सभाका सदस्यहरूको समावेदनसमेत पर्न आएको विषयका सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र नजिरसमेतबाट उक्त सिफारिश र समावेदनको कार्यान्वयनका सम्बन्धमा कुनले प्राथमिकता पाउँछ र किन भन्ने विषयमा मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ को उपधारा (५) बमोजिम सर्वोच्च अदालतको राय बुझ्न हुकुम बक्स भएकोमा सर्वोच्च अदालतले २०५४ साल माघ २२ गतेका दिन श्री ५ महाराजाधिराजका हजूरमा राय चढाएको छ ।

हुकुम बक्से बमोजिम,  
पशुपतिभक्त महर्जन  
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1260